# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, कार्तिक २० गते, २०८२ साल (संख्या ४०

## भाग ३

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

### सूचना

### संवत् २०८२ सालको (नेराप) नम्बर २५

## बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप कोष सञ्चालन नियमावली, २०८२

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको परामर्शमा नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप कोष सञ्चालन नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले ऐनको दफा २३क. बमोजिमको कोष सम्झनु पर्छ।

(ग) "निर्देशक समिति" भन्नाले नियम ७ बमोजिमको कोष सञ्चालन निर्देशक समिति सम्झनु पर्छ।

(घ) "सचिवालय" भन्नाले निर्देशक समितिको सचिवालय सम्झनु पर्छ।

## परिच्छेद-२
## कोषको रकमको उपयोग

३. **कोषको रकमको उपयोग** : कोषको रकम ऐनको दफा २३ र दफा २३क. को उपदफा (४) बमोजिम पीडितलाई अन्तरिम राहत, राहत तथा क्षतिपूर्ति प्रदान गर्न उपयोग गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **आयोगले सिफारिस गर्ने** : आयोगले पीडितलाई दिने अन्तरिम राहत, राहत तथा क्षतिपूर्ति रकम उपलब्ध गराउन मन्त्रालयमा सिफारिस गर्नेछ।

५. **जिल्ला प्रशासन कार्यालयमार्फत रकम उपलब्ध गराउने** : (१) नियम ४ बमोजिम आयोगबाट सिफारिस भई आएमा मन्त्रालयले त्यस्तो रकम सम्बन्धित पीडितको स्थायी बसोबास भएको जिल्लाको जिल्ला प्रशासन कार्यालय मार्फत उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको रकम पीडितलाई उपलब्ध गराउँदा जिल्ला प्रशासन कार्यालयले सम्बन्धित पीडितको स्थायी बसोबास भएको स्थानीय तहसँगको समन्वयमा पीडितको यकिन गरी निजको नाउँमा रहेको बैङ्क खातामा विद्युतीय रकमान्तर (इलेक्ट्रोनिक फण्ड ट्रान्सफर) मार्फत उपलब्ध गराउनु पर्नेछ र सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पीडितलाई उपलब्ध गराइएको रकमको अभिलेख मन्त्रालयले राख्नु पर्नेछ।

६. **कोषको रकम प्रयोग गर्न नहुने** : नियम ३ बमोजिम बाहेक अन्य प्रयोजनको लागि कोषको रकम प्रयोग गर्न सकिने छैन।

## परिच्छेद-३
## निर्देशक समिति तथा समन्वय संयन्त्र

७. **निर्देशक समितिको गठन** : (१) ऐनको दफा २३क. को उपदफा (६) बमोजिम कोष सञ्चालन सम्बन्धमा नीतिगत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मार्गदर्शन गर्न देहाय बमोजिमको एक कोष सञ्चालन निर्देशक समिति रहनेछः-

(क) मन्त्री, कानून, न्याय तथा संसदीय मामिला -संयोजक

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) सचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सचिव, गृह मन्त्रालय -सदस्य

(ङ) मानव अधिकारवादी, मनोविज्ञानवेत्ता, कानूनविद्, विधिविज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री, महिला अधिकारकर्मी वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिहरू मध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना -सदस्य

(च) पीडितहरू मध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(२) निर्देशक समितिको बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका सचिवलाई आमन्त्रण गर्नु पर्नेछ।

(३) उपनियम (१) को खण्ड (ङ) र (च) बमोजिम मनोनयन गरिएका सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले देहायको कुनै अवस्थामा उपनियम (१) को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड (ङ) वा (च) बमोजिम नियुक्त सदस्यलाई पदावधि समाप्त हुनु अगावै सदस्यको पदबाट हटाउन सक्नेछः-

(क) कोषलाई हानि नोक्सानी हुने कुनै काम गरेमा,

(ख) पदीय जिम्मेवारी पूरा नगरेमा,

(ग) कोष सञ्चालनमा कुनै किसिमको स्वार्थ रहेको देखिएमा,

(घ) ऐन तथा यस नियमावली विपरीत कुनै कार्य गरेमा, वा

(ङ) निजको कार्यसम्पादन सन्तोषजनक नरहेमा, कार्यक्षमताको अभाव भएमा वा पद अनुरूपको आचरण नगरेमा।

(५) उपनियम (४) बमोजिम सदस्यलाई हटाउनु अघि निजलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) मन्त्रालयले तोकेको सहसचिवले निर्देशक समितिको सचिव भई काम गर्नेछ।

८. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार** : निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कोषको रकमको प्रयोगका सम्बन्धमा आयोगहरूबीच समन्वय गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पीडितलाई दिइने अन्तरिम राहत, राहत तथा क्षतिपूर्तिको रकमको हद निर्धारण सम्बन्धमा आयोगसँग समन्वय गर्ने,

(ग) कोषको रकम न्यायसङ्गत र पारदर्शी रूपमा प्रयोग भए नभएको यकिन गर्ने,

(घ) आयोगको सिफारिस बमोजिम पीडितलाई अन्तरिम राहत, राहत र क्षतिपूर्ति प्रदान गर्नका लागि कोषको रकम व्यवस्थापन गर्न सहजीकरण गर्ने,

(ङ) दीर्घकालीन शान्ति र मेलमिलापलाई प्रबर्द्धन गर्न आयोगसँग समन्वय गरी रणनीतिहरू विकास गर्ने,

(च) सङ्क्रमणकालीन न्याय प्रक्रियालाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय साझेदारहरूसँगको सहकार्यलाई प्रबर्धन गर्ने,

(छ) कोष सञ्चालन सम्बन्धमा अन्य उपयुक्त नीतिगत मार्गदर्शन गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. **निर्देशक समितिको बैठक र निर्णय** : (१) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) निर्देशक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) निर्देशक समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबिस घण्टा अगावै सो समितिको सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना संयोजक तथा सबै सदस्यलाई दिनु पर्नेछ।

(४) निर्देशक समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) निर्देशक समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ।

(६) निर्देशक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(८) निर्देशक समितिको निर्णय संयोजक र बैठकमा उपस्थित सदस्यले प्रमाणित गर्नु पर्नेछ।

(९) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **बैठक भत्ता** : निर्देशक समितिका संयोजक तथा सदस्यलाई नेपाल सरकारको अर्थ मन्त्रालयले निर्धारण गरेको मापदण्ड बमोजिमको बैठक भत्ता मन्त्रालयले उपलब्ध गराउनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. **सचिवालय** : निर्देशक समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

१२. **समन्वय संयन्त्र** : (१) निर्देशक समितिको काम कारबाहीलाई सहयोग गर्न मन्त्रालयको सचिवको संयोजकत्वमा कोषमा योगदान गर्ने संस्थाहरूको प्रतिनिधित्व हुने गरी एक समन्वय संयन्त्र रहनेछ।

(२) उपनियम (१) बमोजिमको संयन्त्र सम्बन्धी अन्य व्यवस्था सो संयन्त्र आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(३) निर्देशक समितिको सचिवालयले समन्वय संयन्त्रको सचिवालयको समेत कार्य गर्नेछ।

## परिच्छेद-४

## कोषको सञ्चालन तथा लेखा परीक्षण

१३. **कोषको खाता र त्यसको सञ्चालन** : (१) ऐनको दफा २३क. को उपदफा (२) बमोजिम कोषमा प्राप्त हुन आएको रकम निर्देशक समितिले तोकेको बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त 'क' वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(२) कोषको खाता सञ्चालन मन्त्रालयको आर्थिक प्रशासन हेर्ने सहसचिव र मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

१४. **कोषको लेखा र लेखापरीक्षण** : (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिमको लेखा दुरूस्त राख्ने जिम्मेवारी मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुखको हुनेछ।

(३) कोषको आन्तरिक लेखा परीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(४) उपनियम (३) बमोजिम लेखा परीक्षण कार्य सम्पन्न भए पछि कोषको लेखा सम्बन्धमा मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुखले सचिवालय मार्फत निर्देशक समितिलाई जानकारी दिनु पर्नेछ।

## परिच्छेद-५
## विविध

**१५. रकम फ्रिज नहुने** : ऐनको दफा २३क. को उपदफा (२) बमोजिमको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

**१६. सचिवालयको प्रशासनिक खर्च** : सचिवालयको प्रशासनिक कार्यको लागि आवश्यक रकम मन्त्रालयले व्यवस्था गर्नेछ।

**१७. विवरण सार्वजनिक गर्नु पर्ने** : निर्देशक समितिले विदेशी सरकार, विकास साझेदार तथा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त प्राविधिक तथा आर्थिक सहायताको विवरण, कोषको रकमबाट भएको खर्च तथा कोषको मौजुदा अवस्थाको विवरण मन्त्रालय तथा आयोगको वेबसाइटबाट सार्वजनिक गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. **अभिलेख अद्यावधिक राख्ने** : (१) सचिवालयले ऐन तथा यस नियमावली बमोजिम कोषको रकमबाट भएको खर्चको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) सचिवालयले कोषबाट पीडितका लागि निकासा भएको रकम तथा कोषमा रहेको रकम समेतको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ।

(३) कोषबाट खर्च भएको रकमको अभिलेख राख्ने सम्बन्धमा निर्देशक समितिले आवश्यक विद्युतीय प्रणालीको समेत विकास गरी प्रयोगमा ल्याउन सक्नेछ।

(४) उपनियम (३) बमोजिम विद्युतीय प्रणालीको प्रयोग भएको अवस्थामा सचिवालयले सो कोषबाट भएको खर्चको विवरण तत्काल कम्प्युटर प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

१९. **अर्थ मन्त्रालयको सहमति लिनुपर्ने** : यस नियमावलीको कार्यान्वयन गर्दा नेपाल सरकारलाई थप आर्थिक दायित्व सिर्जना हुने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

२०. **अनुगमन गर्न सक्ने** : निर्देशक समितिले कोषको रकमबाट सञ्चालित कार्यक्रम तथा खर्चको प्रभावकारिताको सम्बन्धमा आवश्यकता अनुसार अनुगमन गर्न गराउन सक्नेछ।

२१. **गुनासो सुनुवाई गर्ने** : (१) निर्देशक समितिले कोषको रकमको उपयोगसँग सम्बन्धित गुनासो सुनुवाई गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम गुनासो सुनुवाई गर्दा निर्देशक समितिले सचिवालयलाई आवश्यक निर्देशन दिन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. **आवश्यक व्यवस्था गर्न सक्ने** : यो नियमावली कार्यान्वयनको सम्बन्धमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा निर्देशक समितिले आवश्यक सहजीकरणको लागि मन्त्रालयलाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भएमा मन्त्रालयले आयोगको परामर्शमा त्यस्तो बाधा हटाउन आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

**आज्ञाले,**
**पाराश्वर ढुङ्गाना**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।